# “ नया बिश्वको परिकल्पना ”

# New World Concept




**SAVE THIS PLANET EARTH**

## मानवहरुको सबैभन्दा ठुलो चुनौति

## The biggest challenge of Human being

**Copyright ( c) All right reserved**

सर्बाधिकार लेखकमा सुरक्षित।

आणविक शस्त्र अस्त्र निर्माणको होडबाजिले बिश्व रंङमन्चमा देखा परेको नाजुक स्थिती र चुनौतिहरूको समाधानका लागि खोजमुलक अनुसंधान गर्न समयमा नै सार्थक कदम चालि सचेत रहनु पर्ने बारे बिश्वका सम्पुर्ण चेतनशील नागरिकहरूले पनि यस बिषय प्रती गहिरॊ चिंन्तन मनन गरि परिस्थितिको गंम्भीरता लाई आत्मसात गर्दै सचेतना मुलक कार्यक्रम द्वारा जनजागरण गर्नु पर्ने सन्दर्भ को यस लेखलाई अन्य बिश्वका प्रमुख भाषाहरुमा पनि अनुबाद (translate) गरि सामाजिक संजाल मार्फत प्रसारण गर्दै पढन सजिलोको लागि तिन भाग बनाएर प्रस्तुत गरिएकोछ।समयको अनुकुलता

मिलाई सकेसम्म सबै भाग लाई अध्ययन गर्न सल्लाह र सुझाब पनि गरिन्छ।

<u>पहिलो भाग</u> - बिश्वको बदलिदो परिस्थिति र त्यस बाट उत्पन्न जटिलतालाई मध्यनजर गर्दै संसारका सम्पुर्ण मानवहरूले सके सम्म चाडो भन्दा चाडो पुरानो कुरिति, संस्कार, शैली र मानवहरू लाई हानि, नोक्सान पुर्याउने खाल्को मान्यताहरू लाई क्रमिक रूपमा बिस्थापित गर्दै "नयाँ बिश्व " को खोज र अनुसंधान मुलक कार्यक्रमहरू लाई प्रोत्साहित गर्दै मानवहरू बाट उत्पन्न जोखिमहरू लाई न्यूनीकरण गर्दै जिवनलाई सार्थकता तिर डोर्याउन अबिलम्ब नयाँ ढगले सोच्नु पर्ने बेला भईसकेको महशुस गरिन्छ।

हाल मानवहरूको जीवन यात्रा श्रृषटि देखि यहाँ सम्म आई पुग्दा पुरानै सोच, र शैलिले बिश्वको परिवेश नाजुक र गंम्भीर मोड बाट गुज्रदै बिनाशको संङ्घार तिर उभिदै गईरहेको सन्दर्भ धेरै ले महशुस गरिरहेको बिषय पनि हो।
यो युगको प्रवेश संगै सम्पुर्ण बिश्वका बासिन्दा हरूले सम्मानजनक, भयरहित एवं संन्तुलित बाताबरणमा जिवनयापन गर्न पाउनु पर्ने जन्मशिद्ध नैसर्गिक एवं प्राकृतिक अधिकार र शिद्धान्त अनुरूप मानव हुनुको गौरवशालि एवं गरिमापुर्ण ईतिहासको थालनि गर्न अबिलम्ब सोच्नु पर्ने बिषयको सन्दर्भलाई यस शंदेस मार्फत सम्पुर्ण बिश्वको ध्यानाकर्षण गर्न बुद्ध जन्मेको भुमि नेपाल बाट प्रारम्भिक

चरणको कार्य थालनि गरिएको उदघोष गरिन्छ ।
बिश्वको जटिल समस्याहरूको समाधान खोज्न अब पनि ढिलाइ हुन गएमा संसारका सम्पुर्ण प्राणीहरू कुनै पनि बेला गंम्भीर दुर्घटनामा पर्न सक्ने संभावना प्रबल बन्दै जान थालेको संकेत र लक्षणहरू पनि देखा पर्न थालिसकेको छ।
बिश्वमा आणविक मिसायलहरू थुपारिएको मध्ये ; सबै भन्दा बढि - रूस संग ५८८९ एव प्रकारले अमेरिका संग ५२४४ साथै बांकि लगभग १६०० जति अन्य ७ (सात) वटा देशहरू संग रहेको भनेर हाल सालैको तथ्यांक ले देखाएको छ ।

अत्याधुनिक आणबिक मिसाइल जापानको हिरोसिमा र नागासाकिमा प्रहार गरेको भन्दा धेरै गुणा शक्तिसालि र घातक तरिकाले डिजाईन गरिनुका साथै एक महादेश बाट अर्को महादेशमा सजिलै प्रहार गर्न सकिने खालको रहेको भन्ने जानकारि सार्बजनिक रूपमानै बाहिर आएको छ। केही समय अघि मात्र निर्माण र परिक्षण समेत गरि तैयार गरेको " **SUPER SONIC MISSEL** " दस किलोमिटर प्रतिसेकेन्ड औसतको गतिमा (speed) दौडिएर जस्लाई निशाना (target) गरेर छोडेको उसैलाई ठाउँको ठाउँमा नै समाप्त गर्न सक्ने आबिस्कारले बिश्वमा अब कुनै पनि ब्यक्ती विशेष सुरक्षित रहने स्थिती देखिदैन, किनकि

टेक्नोलोजी भन्ने कुरा ढिलो चाडो अन्य देशहरूले पनि बिकसित गरि नै हाल्छन्।
अहिले बिश्वका सम्पुर्ण मानवहरू अत्यन्त जोखिमपुर्ण अवस्था बाट गुज्रिरहेका छन् भन्दा त्यति फरक पर्ने छैन ।
एउटै मात्र आणविक मिसायलले काठमाडौं भ्यालीको सम्पुर्ण जनसंख्या समाप्त पार्न पर्याप्त हुन्छ। त्यसबाट उत्पन्न बिकिरण (Radiation) ले पार्ने असर छुट्टै छ। हाल विभिन्न राष्ट्रहरू संङ रहेको यस्तो आधा मात्र आणविक मिसायलले पनि केही घन्टा भित्रै सम्पुर्ण बिश्वलाई ध्वस्त पार्न पर्याप्त हुन्छ ।
सनातन शास्त्रमा उल्लेखित मार्मिक श्लोक :-

“सर्बे भवन्तु सुखिन। सर्बे सन्तु निरामय।। सर्बे भद्राणि पस्यन्तु । मा कस्चित दुखः भाग्भवेत ।।
सबै सुखि रहुन, सबै निरोगि रहुन सबैको दुख समाप्त होस भन्ने कामना गरिनुको पछाडिको रहस्य ; आफू सुखि बन्नुछ भने अरूको पनि सुखको कामना सहित व्यबहार पनि गर्नु आवश्यक पर्दछ।
यस्को मतलब अरूलाई दुखि बनाएर आफू सुखि भईदैन भन्न खोजीएको हो । अरू लाई दुखमा पार्दा अन्ततोगत्वा यसले आफुलाई दुख नै निमत्याउछ। यो प्राकृतिक नियम नै हो।
क्षणिक सुख पाईएको महशुस त होला तर त्यस्तो कार्यले शाश्वत सुख हुन सक्दैन । अत जति सक्दो चाडो यो भनाई लाई

आत्मासात गर्न सक्यो त्यति नै बिश्वको कल्याण हुन जाने कुरा निर्बिबाद भएता पनि अहिले परिस्थिती त्यस्को बिपरित जान थालेको हो कि भन्ने आभाष हुदैछ।
बैज्ञानिक आईन्स्टाईनको रिलेटिभिटीको सिद्दान्त अनुसार पनि " ***To each and every action there is equal and opposite reaction***
" हरेक कृयाको समानानतर र बिपरित प्रतिकृया हुन्छ । यो भौतिक जगत को आकाटय सत्य हो
धेरै राष्ट्रहरूले रक्षा र सुरक्षाको नाममा आम बिनाशकारि हतियारको निर्माण गर्दै जाने तर बिश्वको जनमानसमा त्यस्तो परिस्थिति र चुनौतिहरूको सामना गर्ने र समाधानका उपाय खोज्ने बारे त्यति

गम्भीर नभैदिनाको कारणले बिश्वको परिबेस अहिले जटिल बन्दै जान थालेको हो।

यस सन्दर्भलाई लिएर संसारका सम्पुर्ण चेतनशिल नागरिकहरू बेलैमा सजक रहि त्यस प्रकारको गतिविधिहरू लाई निरुत्साहित बनाउन समय रहदै गम्भीर कदम चाल्न नसके आउने दिनहरू पृथ्वीबासिहरुका लागि अत्यन्तै जोखिम र खतरापुर्ण स्थिती पैदा हुन गई गंम्भीर दुर्घटनाको सामना गर्नु पर्ने दिन धेरै टाढा नरहेको लक्षण र संकेतहरू पनि देखा पर्न थालिसकेको छ।

एनि जेकवसन ले पनि **“Nuclear War ”** भन्ने आफ्नो पुस्तकमा लेख्छन् ; कदाचित आणविक युद्ध सुरू भएमा

बहतर मिनेट भित्र बिश्वका पाँच अरव (५००००००००००) मानिस हरू यो संसार बाट सदाको लागि समाप्त हुनेछन् । १०० मिनेट भित्र त यो संसार लगभग खालि नै हुने देखिन्छ ।

हरेकको जीवन सर्बोपरी र महत्वपूर्ण हुन्छ, जीवननै नरहे कुनै पनि बिषय र बस्तुहरूको मह्त्व रहदैन । पुरानो बिचार, संस्कार र शैली लाई नफालुन्जेल नयाँ बिचारहरूले यथास्थान पाउने संभावना पनि रहदैन ।

अकाल मित्र्युको बारेमा शास्त्रमा उल्लेख भए अनुसार बाकि रहेको जीवन प्रेतात्मा भएर भड्किनु पर्ने अर्थात मरे पछि पनि झनै कष्टकर स्थितीको सामना गर्नु पर्ने कुराको उल्लेख गरेको पाइन्छ ।

परंमपरागत तवरले चलिआएको शिकारियुग को सोच हत्या, हिंसा आदि दुर्गुणहरू माथि अधिकांस मानिसहरूले हाल सम्म पनि बिजय प्राप्त गरि नसक्नु र बिनाशकारि खोपडि घुमाएर अरूलाई दुख दिने नियत राखि आफ्नो मतलब साध्य गर्न चाहना राख्ने कमजोर ईछ्याशक्ति बनाएर व्यबहार गर्ने आत्माकेन्द्रित ब्यक्तिहरू को कारणले अहिलेको बिश्वपरिबेस यो अवस्थामा पुगेको सन्दर्भ पनि हो।

पुरानो सोच र शैलिले अबको बिश्व अघाडि बढन सक्ने स्थिती देखिदैन । संम्पुर्ण बिश्वको मानवहरूको खराब औसत (average) कर्म को स्थिती एउटा निश्चित बिन्दु (lebal) मा पुगे पछि

युद्धलाई कसैले पनि टार्न सक्ने स्थिती नै नरहने रहेछ भन्ने  छिमेकि राष्ट्रमा घटित “महाभारत” को नामले प्रसिद्ध पारिबारिक युद्धले पनि देखाएको छ। शक्तिशाली ब्यक्तित्व श्रिकृष्ण, जस्लाइ हिन्दू सम्प्रदायको आरध्यदेब भनेर मान्ने गर्दछन्। वहाकै उपस्थितिमा यो युद्ध कुरूक्षेत्रमा भएको थियो। साथै पहिलो र दोस्रो बिश्वयुद्ध पनि कर्म सङ नै सम्बन्धित रहेको थियो।

बिधाताको नियम र काम गर्ने शैलि अनौठो छ। समय आइपुगेपछि त्यस्तै पात्र (Actor) र परिस्थिति (situation) पनि तैयार गरिदिने रहेछ। समयको अन्तरालमा धेरै देशहरूले आफ्नो जनताहरूको कर्म बाट उत्पन्न नियति

हरू को खराब र असल कर्मको फल भोग्ने क्रम जारि नै रहेकोछ । चाहेर नचाहेर प्रकृति र बिधाताको विधि बिधान र नियमलाई हरेक ब्यक्ति वा रास्ट्रहरूले आ-आफ्नो तरिकाले आत्मसात गरिनै रहेका हुन्छन्।
सयुक्त राष्ट्र संघ ( UNO ) ले पनि हतियार नियन्त्रणको मामलामा र युद्धलाई समयमानै निस्तेज बनाउन सक्ने खालको भुमिका खेल्न नसक्नुमा यस्को बिधि बिधान र प्रक्रियाहरु नै त्रुटिपुर्ण रहेको ठहर हुन्छ । निस्पक्ष तवरले भुमिका निभाउन नसक्नु यस्को कमजोरि र बिबसता पनि रहेकोछ।
UNO को अर्को बिडम्बना VITO प्रयोग गर्ने चलनले अत्यधिक मात्रामा कार्यहरू

प्रभावित हुने गरेकोले बिश्वलाई राहत दिन गठन गरिएको यो संस्था सिमित राष्ट्रहरूको मतलब पूरा हुने खालको केन्द्र मात्र बन्नु हुदैन। नत्र बिश्व अझै असुरक्षित र असन्तुलित बन्दैजाने संभावना प्रबल हुँदै जानेछ।

त्यो संस्थामा ज्ञानी, ध्यानि र तपस्बिहरुको कुनै स्थान छ जस्तो पनि देखिदैन हुन त यस्तो ब्यक्तित्वहरूलाई राजनितिमा चासो पनि हुदैन तर बिश्व शान्तिको लागि मात्र भए पनि उनिहरूको सल्लाह  र सुझाबहरू महत्त्वपूर्ण हुन जाने कुरा निर्बिबाद नै छ।

UNO ले अहिले र भबिस्यमा पनि बिश्वको जटिल समस्याहरू मा निस्पक्ष तवरले निर्णायक भुभिका निभाएर कार्य

गर्ला जस्तो महशुस गराउन पनि सकिराखेको स्थिती छैन। जब सम्म निस्पक्षताको वातावरण बन्दैन तब सम्म यस्तो संस्थाको कार्यमा प्रश्नचिन्न खडा भईनै रहेको हुन्छ।

बास्तबमा यो  सस्था सम्पुर्ण राष्ट्रहरूको हक, हित र सुरक्षा प्रदान गर्ने पबित्र उदेश्यको लागि स्थापना गरिएको भएता पनि त्यस्तो हुन सकेको आभाष हुदैन। कदाचित तेस्रो बिश्व युद्ध भएमा मानव सभ्यता नै समाप्त हुने खतरा बढदै गैरहेको धेरैले महशुस गरिरहेका छन्। अधिकांस देशहरूले हतियार को भरोसामा राष्ट्र चलाउन खोज्नु बिश्वको लागि अत्यन्तै  दुर्भाग्यपूर्ण स्थिती नै मान्नु पर्ने हुन्छ ।

संस्कृत भाषामा एउटा मर्मस्पर्सि श्लोक रहेको छ " बिनाशकाले बिपरित बुद्धि " अहिले मानवहरूको सोच्ने ढग र कार्य शैलिले त्यस्तै प्रकारको वातावरण तैयार हुदै गईरहेको हुँदा पृथ्वीबासिहरूको बिनाशका दिनहरू पनि धेरै टाढा नरहेको आभाष पनि हुदै जादैछ।
बिश्वमा अहिले आणविक युद्धको कालो बादल मंडारि रहेको धेरै कम ब्यक्तिहरूले मात्र महसुस गरिरहेका छन् भने, अधिकांस मानिस हरू यस बारेमा अनभिज्ञ र अनजान नै रहेको पाइन्छ ।
कदाचित तेस्रो बिश्वयुद्ध भईहालेमा पहिलो र दोश्रो बिश्वयुद्ध जस्तो सहज तरिकाको हुनेवाला छैन किनकि तेस्रो बिश्वयुद्धमा मानवको भुमिका कम र

मेशिनको भुमिका ज्यादा हुने हुनाले मानविय संबेदनाको कुरा प्राय नगन्य मात्रामा रहनेछ, जस्ले गर्दा परिस्थिति अकल्पनिय हुन जानेछ । कैयन ब्यक्तिहरुको भबिस्यको सपनाहरु पनि एकैछिनमा ध्वस्त भएर खरानिमा परिणत हुन जाने कुरा निश्चित छ।

यो जटिल परिस्थितिमा तत्काल समाधानका उपाय खोज्न अत्यन्त आवश्यक भैसकेको छ, यस्को लागि आणविक शस्त्र अस्त्र थुपारेर बसेका राष्ट्रका जनताहरू बाट नै आवश्यक कदम चाल्नु पर्ने आवस्यकता महसुस हुन्छ ।

बिश्व मानवहरूको कार्यशैली र सोच्ने ढंग यति गंभिर र जटिल बनीसकेको छ कि सामान्य तवरले यस्को उपचार हुन सक्ने

स्थिती पनि देखिदैन। रोग लागेर उपचार खोज्नु भन्दा रोग नै लाग्न नदिने उपायलाई सर्बोतम मान्ने गरिन्छ।
जति ठुलो रोग लागेको हो त्यतिनै ठुलो उपचारको ब्यवस्था नगरे त्यो रोगले अरू बढि जटिलताहरू थप्दै लैजाने संभावना पनि स्वभाविक रूपमा नै रहेको हुन्छ । अब यो पृथ्वी लाई जोगाउने एउटै मात्र उपाय भनेको सम्भवत " **ONE WORLD** " अर्थात "एउटै बिश्व" हुन सक्छ। दुस्मन राष्ट्र नै नभएमा कसै सँग लडिरहनु पर्ने स्थिती पनि रहदैन । तर यहाँ सम्मको यात्रामा आई पुग्न अनेक बाधा र अवरोधको सामना गर्नु पर्ने स्थिती पनि हुन सक्द्छ।

अन्य उपायहरुले अब काम गर्छ जस्तो पनि देखिदैन। यो अवधारणालाई जति सक्दो चाडो लागू गर्न सकियो त्यति नै चाडो बिश्वको मानव निर्मित समस्याको अन्त हुने लगायत अन्य थुप्रै जटिल समस्याहरू पनि धेरै हद सम्म सुल्झिदै जाने प्राय निश्चित छ ।

यस सन्दर्भमा एक जना अध्यात्मिक चिन्तन लिएर हिडने ब्यक्ति सङ्को भेटमा उनले भने- ”घर भित्रकै सातजना मानिसको एक आपसमा बिचार र मत मिल्दैन बिश्वका सात अरब मानिसहरूले कसरी यो धारणा स्वीकार गर्लान्  र ?

मैले भने “ तीनिहरूलाई नस्ट पार्ने दुश्मन शक्ति अर्को  उत्पन्न भएको महसुस भयो भने मिलेर सामना नगरि हुन्छ ? ” भने

पछि उनी यस अवधारणा प्रती समर्थन जनाएका थिए।

सम्पुर्ण पृथ्वीबासिहरूको लागि आणविक हतियारहरू दुश्मन शक्तिको रूपमा उदय भईसकेको छ।

पूर्वीय दर्शन शास्त्रको उपनिषदमा उल्लेखित " बशुधैव कुटुमबकम " **(Whole world is a family)** संम्पुर्ण बिश्व एउटै परिबार हुन " भनेर आफ्नो बिशाल ऋदयको परिचय दिएको पाईन्छ।

अध्यात्मिक साधनाको विभिन्न तपस्या बाट अस्तित्वको गहिराईमा पुगेर प्राप्त अलौकिक ज्ञान र संदेशलाई आत्मसात गरि ऋषिमुनि र तपस्बिहरुको अनुभव बाट प्राप्त मर्मस्पर्शी उदगारले भरिएको यो महत्त्वपूर्ण बिचार र भावनालाई

बिश्वशान्तिको लागि सम्पुर्ण मानव हरूले आत्मसात गर्न ढिला गर्न हुदैन।

ब्रह्माण्डको सृष्टिकर्ताले प्राणीहरूको जीवन चलाउन उनिहरूको आवश्यकता अनुशार शरिर भित्र Software (काम, क्रोध,लोभ,राग ईष्र्या ,द्वेष , अहंकार) आदि प्राकृतिक रूपमा नै राखिदिएको छ। यस्को सहि सदुपयोगले मानवहरूको जीवन सार्थक रहन्छ तर दुरूपयोगले दुर्भाग्यपूर्ण स्थिती श्रिजना हुन पुग्दछ।

सर्बशक्तिमान ईश्वरले मानवहरु लाई ब्रह्माण्ड सृष्टि र प्रलय बाहेक सम्पुर्ण जिम्मेवारी प्रदान गरेको महसुस हुन्छ, अत मानवहरूले आफ्नो अधिकार प्रयोग गर्दा होसियारिपुर्बक सदुपयोग गर्न आवस्यक छ। दुरूपयोग भएमा त्यति कै

घातक परिणाम पनि हुन जान्छ। मानवहरूको भबिस्य निर्माणको जिम्मेवारी तिनिहरूलाई नै छोडिदिएको ले पनि मानिसहरूले जस्तो किसिमको कर्महरू गर्दै जान्छन त्यहि अनुसारको फल पनि प्राप्त गर्दै जान्छन् भनेर शास्त्रले पनि पुष्ठि गरेकोछ।

मानव सभ्यताको परम्परागत आधारभुत जग लोभ र भयमा बसेको महशुस हुन्छ । यस्तो जग (foundation) लाई भत्काएर करूणा, प्रेम र बिश्वासको भावना बिकसित गर्दै लान सक्ने बाताबरणको आवश्यक छ ।

जुनसुकै मानव निर्मित समस्याहरू चुनावको माध्यम बाट आफ्नो सहि ढंगको सुझ बुझको प्रयोग द्वारा समाधानको

बाटो पहिल्याइ भबिस्यमा आई लाग्ने जस्तो सुकै बाधा र अवरोधहरु लाई सहज तरिका बाट समाधान गर्न सकिने कुरा निर्बिबाद छ।

प्राय हरेक राष्ट्र्मा समय समयमा आफ्नो देशको नियम अनुशार चुनाब भईनै रहने हुँदा देश र जनता प्रति बिषेश उत्तरदायी रहेको ब्यक्तित्वहरूले एक संसारको अवधारणालाई मुख्य मुद्धा बनाई चुनाबमा उत्रिएर जनता हरूलाई यस बिषयको महत्त्व र आणबिक हतियारको दुस्परीणामको बारेमा अवगत गराउदै अघि बढेमा केही समयको अन्तरालमा यो बिचार र भावनाले मुर्तरुप लिन जाने कुरामा दुबिधा छैन। समस्या जनजागरण (Awareness) को मात्र हो।

नत्र भए यस्को विकल्पको रूपमा आम जनमानसले नै पनि त्यस प्रकारको ब्यक्तीहरू लाई उमेदवार बनाई चुनाबमा बिजय हासिल गराउदै लगेमा बिश्वलाई दुर्घटना हुन बाट जोगाउन सक्ने भुमिका तैयार गर्न सक्षम रहने छन्। त्यस्को लागि लगभग हरेक राष्ट्रको ५१ देखि ५५ % अर्थात् बहुमत मतदाता भएमा बिजय सुनिश्चित नै हुन्छ, त्यति प्रतिशत पुग्न खासै कठिन कार्य पनि छैन किनकि बिश्वमा कुनै पनि राष्ट्रका ९९ % जनताहरू युद्धको पक्षमा नै हुदैनन् । बिश्वका आम जनमानसको चेतना वृद्धि गर्दै लगेमा जस्तोसुकै अवस्था र ब्यबस्थालाई पनि परिवर्तन गर्न सकिने स्थिती बनाउन सकिन्छ उनिहरू लाई

आणविक मिसायलको जोखिम र खतराको बारेमा जानकारि गराई दिए मात्र पनि तिनिहरूले आफ्नो कर्तव्य र जिम्मेवारीको बोध आफै गर्न सक्नेछन् ।
अकालमा जानाजानि कसैले पनि ज्यान गुमाउन चाहेका हुदैनन् साथै जिम्मेवारी लिएर हिडेका सामाजिक ब्यक्तिहरुले पनि आउने पिढिहरु (generations) को भबिस्य सुनिश्चित रहेको हेर्न चाहिरहेका हुन्छन्।
युद्ध बास्तबमा एउटा प्रपन्च लाई अनिवार्य बनाई सर्बसाधरणको मन र मस्तिष्कमा जबर्जस्ती थोपरिदिएर केही ब्यक्तिहरू द्वारा रचिएको योजना मात्र हो।

यो एक किसिमको मनोरोग भित्र पर्ने जटिल समस्या मध्ये एक हो। ईतिहासमा कहिले काहीँ यस्तो रोगहरूले बिकराल रूप धारणा गरेको अनुभवमा आएको बिषय पनि हो।

मानिवहरूलाई अहिलेको परिबेश भन्दा माथि अरू पनि मुल्यवान स्थिती हुन्छ र त्यस्तो अमुल्य बिषय प्राप्त गर्ने तरिका थाहा नहुदा युद्धको प्रपन्च तिर अघाडि बढने मनस्थिति पैदा गर्छन्। यस्तो खेलमा अद्दश्य शक्ति र प्रकृर्तिको पनि ठुलो भुमिका रहेको हुन्छ । मानिसहरूले जस्तो कर्म गर्दै जान्छ प्रकृर्तिले पनि त्यस्तै किसिम्ले साथ दिदै जान्छ।

संसारका लगभग सबै भोट दिने ब्यक्तिहरू सङ आजकल संचारका

साधनहरूको पहुंच रहेको हुन्छ।अहिलेका मानिसहरू तुलनात्मक रूपमा पहिलेको भन्दा अलिक संबेदनसिल नै रहेका हुन्छन्।
समस्या जहाबाट सुरू भएको हो समाधान पनि त्यसैको आसपास खोज्नु पर्छ। जहाँ चिप्लिएर लडिन्छ त्यहि उठने प्रयास गर्नु पर्दछ। अलि पर उठछु भनेर सोच्नु सान्दर्भिक हुदैन ।
लगभग १० वटा जति राष्ट्रहरू -१) चिन २) भारत, ३) अमेरिका ४) रूस ४) बृटेन ५) जर्मन ६) ईरान ७) फ्रान्स ८) ईजराय ९) कोरिया १०) जापानका जनताहरुले नै आफ्नो देश भित्र परिबर्तन ल्याउन सकारात्मक भुमिका खेल्न आवस्यक छ किनकि बिश्वरङ्गमन्चमा शक्ति प्रदर्शन

गरि जोर शोरले हल्ला गर्दै हिडने यिनै राष्ट्रहरु मध्येका हुन।
अन्य राष्ट्रहरु पनि यिनिहरूकै पदचिन्नमा चल्ने प्रयास गर्दछ्न। जुनसुकै युद्ध पनि दुई बिचारधारामा टकराब हुने हुदा बिश्व का अन्य राष्ट्रहरु पनि दुई खेमा (Polar) मा बाडिन पुग्छ्न।
" एक बिश्व " ***One World*** को अवधारणालाई चुनाबको माध्यम बाट त्यसै अनुरूपको ब्यक्तिहरू चयन गर्दै अघाडि बढाउदै लान सके बिश्व एकता र भातृत्वको भावना (Brotherhood relationship) तिब्रताका साथ बढन गई " बिश्व शान्ति " पनि दिगो हुन जाने थियो।

जमिन, जंगल र जलको सहि सदुपयोग गरि पृथ्वीबासीहरु भाईचाराको सम्बन्ध बढाउदै एक आपसमा मिलेर बस्न सके अहिलेको पृथ्वीको भन्दा धेरै गुणा जनसंख्या सजिलै रहन सकिने वातावरण तैयार गर्न सकिन्छ। मनुष्य जीवन दुर्लभ हो भनेर शास्त्रहरूमा पनि उल्लेख गरेको पाइन्छ । जिवन नै नरहे कुनै पनि बिषय र बस्तुको मुल्य र मान्यता रहदैन । पृथ्वीलाई बिनाश हुन बाट जोगाउन सबै मानवहरूको कर्तब्य र दाईत्व पनि हो। अत यो बिषय लाई लिएर जो कसैले समय मिलाएर कहि पनि रहेका चिन जानको ब्यक्ति हरू संग चर्चा, बहस चलाउन र जानकारि गराउन नितान्त आवस्यक छ ।

केही गर्न नसके यो लेखलाई शेयर गर्नाले मात्र पनि बिश्वशान्तिको लागि एउटा ईटा थपिने कार्य मा स्वत सहयोग पुग्न जाने निश्चित नै छ।

सर्बशक्तिमान ईश्वरले प्राणीहरुको सुबिधाको लाई मुफ्त (Free) मा उपलब्ध गराई दिएको यो सुन्दर उपहार " पृथ्वी र ब्रह्माण्ड " लाई सहि सदुपयोग गरि जिवनलाई गरिमामय बनाउन सम्पुर्ण मा हार्दिक आव्हान पनि गरिन्छ।

बिश्वभर व्यापक जनजागरण र उदेश्य प्राप्ति को लागि यथाशीघ्र विभिन्न भाषाहरूमा पुस्तक पनि प्रकाशित गर्दै जनचेतना लाई तिब्रताका साथ फैलाउदै लैजाने उदेश्य अन्तर्गत बिश्वमा यो धारणा प्रती सहानुभूति राख्ने जो कोहि प्रतक्ष वा

अप्रत्यक्ष रूपले सम्मीलित रहि सहकार्य गर्न इच्छुक ब्यक्तित्वहरु लाई हार्दिक आवह्वान सहित स्वागत पनि गरिन्छ।

यो आवाज संसारको कुना कन्दरा सम्म तीब्र गतिमा गुंन्जयमान हुदै जान आवस्यक छ भन्ने उदेश्यका साथ यो शंदेस बिश्वभर सम्प्रेषण गर्ने कार्यको शुभारंभ गरिएको छ ।